**Janapriya Journal of Interdisciplinary Studies (Jjis)**
[A Peer-Reviewed Open Access Journal; Indexed in NepJOL]
ISSN: 2362-1516 (Print), ISSN: 2773-8000 (Online)
Published by Janapriya Research and Consultancy Center (JRCC)
Janapriya Multiple Campus, Pokhara
Journal Homepage: www.janapriya.edu.np

# उलार उपन्यासमा सीमान्तीयता

**विष्णुप्रसाद शर्मा**
*नेपाली शिक्षा, पृथ्वीनारायण क्याम्पस, पोखरा*

***Article History :*** *Submitted 16 Jun. 2022; Reviewed 10 Aug. 2022; Accepted 25 Nov. 2022*
***Corresponding Author :*** *Bishnu Prasad Sharma,* ***Email :*** *sharmabishnu997@gmail.com*
***DOI :*** *10.3126/jjis.v11i1.53921*

## सार

*प्रस्तुत अनुसन्धानमूलक लेख सीमान्तीय अध्ययनमा आधारित छ । नयनराज पाण्डेद्वारा लिखित उलार उपन्यासमा सीमान्तीयताको खोजी गर्नु यस अनुसन्धानको उद्देश्य हो । यो अनुसन्धान गुणात्मक प्रकृतिको भएकाले पुस्तकालयीय अध्ययन कार्यबाट प्राथमिक र द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन गरी तिनलाई व्याख्यावादी दर्शन र कृतिपरक अध्ययन विधिका माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ । अनुसन्धानमा सीमान्तीय सिद्धान्तलाई आधार बनाइएको छ । तथ्याङ्कको विश्लेषणमा पूर्व अध्येतासँग संवाद गर्दै लेखकीय दृष्टिकोणसमेत प्रस्तुत गरी उपन्यासको सीमान्तीय विश्लेषण गरिएको छ । उलार उपन्यास (२०५५) मा विशेष गरी पश्चिम नेपालको नेपालगञ्जलाई कार्यपीठिका बनाएर त्यहाँका सीमान्त वर्गका जनताका सङ्घर्षलाई चित्रण गरिएको छ । उपन्यासमा प्रेमललवा, द्रौपदी, कलुवा, निराकारप्रसाद, द्रौपदीका बुबाआमा, सावित्री, कुन्तीलगायत पात्रहरू सीमान्तीय रूपमा देखिएका छन् भने शान्तिराजा, राजेन्द्र बाबु, ननकउजस्ता पात्रहरू सम्भ्रान्त वर्गका रूपमा आएका छन् । उपन्यासमा प्रभुताको उपयोग सम्भ्रान्त वर्गले मात्र गरेका छन् भने सीमान्त वर्ग सदियौँदेखि प्रभुताबाट वञ्चित छन् । उनीहरू शोषित र उपेक्षित छन् । उपन्यासमा सीमान्त पात्रका सामर्थ्य र सम्भावनाको उपयोग सम्भ्रान्त वर्गका लागि मात्र भएको छ । यस सन्दर्भमा उपन्यासमा सीमान्तीयतालाई वर्गीय, लैङ्गिक, जातीय, शैक्षिक, उमेरगत, सांस्कृतिक तथा स्थानगत आधारमा विश्लेषण गरिएको छ । सीमान्तीयताको अध्ययनमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत अनुसन्धानले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दहरू :** आवाज, पहिचान, प्रभुत्व, सङ्घर्ष, सीमान्तीयता

*Copyright 2022 © the Author(s) and the Publisher*

## विषय प्रवेश

नयनराज पाण्डे (२०२३) आधुनिक नेपाली साहित्यका समसामयिक धाराका उपन्यासकार मानिन्छन्। कथा, उपन्यास, संस्मरण, बालसाहित्य, चलचित्र लेखन, टेलिशृङ्खला लेखन, निर्देशन, वृत्तचित्र निर्देशनलगायत विधामा सक्रिय भई आफ्नो बहुमुखी परिचय दिएका पाण्डेका आधादर्जन बढी उपन्यास प्रकाशित छन्। तिनीहरूमा *नाङ्गो मान्छेको डायरी* (२०४४), *विक्रमादित्य एउटा कथा सुन* (२०४४), *अतिरिक्त* (२०५०), *उलार* (२०५५), लू (२०६७), *घामकिरी* (२०७०), *सल्लीपिर* (२०७३) आदि रहेका छन्। प्रकाशित औपन्यासिक कृतिका आधारमा पाण्डेले नेपाली समाजका परिधिभित्र विद्यमान बहुजातीयता, बहुधार्मिकता, बहुसांस्कृतिकता, स्थानीयता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रङ्का विविध सन्दर्भहरूलाई आफ्नो कृतिको विषय बनाएका छन्। विशेष गरी *उलार* (२०५५) र लू (२०६८) उपन्यासमा मधेशको समाज, संस्कृति, मनोवृत्ति र राजनीतिलाई टपक्क टिपेका छन्। पाण्डेले नेपाली साहित्यमा मधेसीका समवेदना र सीमान्त मधेसीका भावना पस्कन्छन्। उलार (२०५५) मा सीमान्त तहका जनताको सङ्घर्ष कथा (श्यामल, २०६५, पृ. १) छ, लू (२०६८) मा पाण्डेले भारतीय सीमावर्ती क्षेत्रको नेपाली जीवनलाई निकटबाट नियाल्ने काम गरेका छन् भने घामकिरी (२०७०) मा स्वैरकल्पनाका माध्यमबाट परम्परालाई आधुनिक युगसँग जोडेका छन्। अतः पाण्डे समसामयिक कालखण्डका सामाजिक र सांस्कृतिक चिन्तनलाई उपन्यासमा समेट्न सफल बनेका छन्।

'उलार' उपन्यासमा २०४७ सालपछिको नेपालको राजनीतिक, सामाजिक परिस्थितिभित्र निम्न वर्गका व्यक्तिहरूको कथा र व्यथालाई समेटिएको छ। राजनीतिक रूपमा परिवर्तन आए पनि प्रेमललवा, कलुवा, भौजी, द्रौपदी जस्ता सीमान्तकृत पात्रहरूको अवस्थामा परिवर्तन आउन सकेको छैन। शान्तिराजाजस्ता टाठाबाठा मानिसहरू राजनीतिक माध्यमबाट ठुला पदमा पुगेका छन्; उनीहरूमा जनताप्रति बफादार नभएको र निष्ठाको राजनीति हराएको तथ्य उपन्यासको कथामा पाइन्छ। राजनीतिक पर्यावरणमा २००७ सालपूर्व र पञ्चायत कालमा विजयी भएका शान्तिराजाजस्ता पात्र नै २०४७ सालपछि पनि विजयी भएका छन् तर प्रेमललवाजस्ता निम्न वर्गका जनताको अवस्थामा परिवर्तन आउन सकेको छैन (सुवेदी, २०६९, पृ. १३८)। लामो समयदेखि विकासको पर्खाइमा रहेको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रको बादी समस्या, शिक्षा, स्वास्थ्य, रोजगारलगायत समस्या विकृत राजनीतिका कारण समाधान हुन सकेको छैन। शान्ति राजाहरू व्यक्ति, समाज र राष्ट्रकै उत्पीडन र शोषणमा सामेल हुन सफल छन् भने प्रेमललवा, द्रौपदी, कलुवा, भौजी जस्ता पात्रहरू उत्पीडनका विरुद्ध सङ्गठित हुन सकेका छैनन्।

यसै सन्दर्भमा 'उलार' उपन्यासलाई आञ्चलिक, यथार्थवादी, प्रगतिवादी, समाजपरक जस्ता बहुल आधारमा हेर्न सकिने भए तापनि यहाँ सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। यस पूर्वका अध्ययनहरूले 'उलार' उपन्यासको सीमान्तीय अध्ययन गरेको नपाइएका कारण यस अनुसन्धानमा पर्याप्त अनुसन्धान अन्तराल देखिन्छ। अनुसन्धानबाट नेपाली समालोचनाको बहुलवादी प्रवृत्ति बुझ्न र सोअनुसार व्यावहारिक क्षेत्रमा सीमान्तीय चिन्तनको उपयोग गर्न सकिने हुँदा यस अनुसन्धानको औचित्य र महत्त्व पुष्टि हुन्छ। अनुसन्धानमा गुणात्मक ढाँचा, कृतिपरक अध्ययन पद्धति र व्याख्यावादी दर्शनलाई आधार मानिएको छ। अनुसन्धानमा उपन्यासलाई सीमान्तीय सिद्धान्त (वर्गीय, जातिगत, लैङ्गिक, सांस्कृतिक, वैचारिक, शैक्षिक, स्थानगत, उमेरगत, प्रभुत्व, प्रतिनिधित्व, आवाज) का आधारमा विश्लेषण गरिएको छ।

## अनुसन्धानका समस्या र उद्देश्यकथन

प्रस्तुत अनुसन्धान 'उलार' उपन्यासमा सीमान्तीय पक्षको खोजी कार्यमा केन्द्रित छ। यस उपन्यासलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरेको नपाइएका कारण सीमान्तीय कोणबाट विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ। अतः 'उलार' उपन्यासमा सीमान्तीयताको अवस्था कस्तो छ र उपन्यासलाई सीमान्तीय सिद्धान्तका आधार (वर्गीय, लैङ्गिक, जातीय, उमेरगत, सांस्कृतिक, शैक्षिक, स्थानगत, पहिचान, प्रतिनिधित्व, आवाज) मा कसरी विश्लेषण गर्न सकिन्छ भन्ने सन्दर्भ खोजीको विषय बनेको छ। उपन्यासमा प्रयुक्त पात्र/वर्गको स्थान, प्रभुत्व, प्रतिरोध र आवाजको अवस्था, अवरजनसूचक पात्रहरूको प्रतिनिधित्व र चारित्रिक अभिलक्षण के कस्ता छन् भन्ने प्रसङ्गको निरूपण आवश्यक देखिन्छ। यसै गरी उपन्यासमा सीमान्तीकृतहरू वाचाल छन् वा मौन छन्, उनीहरू कति हदसम्म स्वतन्त्र वा स्वाधीन छन्, कृतिमा सीमान्तीय पात्रहरूको सामर्थ्य र सम्भावना कस्तो छ भन्ने सन्दर्भ खोजीका विषय बनेका छन्। उपन्यासमा सम्भ्रान्त वा माथिल्ला वर्गका कैरन के कस्ता छन्, अवरजनको भाषा कस्तो छ, लेखक पक्षधरता सीमान्त वर्गप्रति छ वा सम्भ्रान्त वर्गप्रति छ भन्ने प्राज्ञिक प्रश्नको खोजी हुनु जरुरी छ। अतः यिनै प्राज्ञिक जिज्ञासासँग सम्बन्धित रहेर 'उलार' उपन्यासमा सीमान्तीयताको खोजी गर्नु प्रस्तुत अनुसन्धानको उद्देश्य रहेको छ।

## सैद्धान्तिक पर्याधार

समकालीन साहित्य सिद्धान्त तथा समालोचना पद्धतिमा देखिएका नवीन प्रवृत्तिहरूमध्ये सीमान्तीय अध्ययन एक हो। सन् १९६० को दशकपछि पाश्चात्य समालोचनामा देखिएको उत्तरआधुनिकतावाद र त्यसभित्रको बहुलवादी चिन्तनसँगै सीमान्तीय अवधारणा आएको पाइन्छ। सीमान्तीय शब्दलाई अङ्ग्रेजीमा 'सबाल्टर्न' र मोहनराज शर्माले 'अवरजन' शब्द (शर्मा, २०७०, पृ. ३१५) प्रयोग गरेका छन्। सीमान्तीय अर्थात् अवरजनको अर्थ राज्यभित्रको पिछडिएको वर्ग, आवाजविहीन वर्ग तथा राज्यको शक्तिसम्म पहुँच नहुनेहरू भन्ने हुन्छ। सबाल्टर्न पदावलीले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकालाई बुझाउँछ। यसरी राज्यको मूल धारभन्दा बाहिर रहेका वर्ग, समुह, व्यक्तिका दिनचर्यालाई विषय बनाएर लेखिएका साहित्य सीमान्तीय हुन् र साहित्यमा सीमान्तीयताको खोजी गर्ने कार्य सीमान्तीय समालोचना सिद्धान्तमा गरिन्छ (श्रेष्ठ, २०६८, पृ. XVII)। मोहनराज शर्माले श्रेष्ठ नभएको वा तल्लो मानिसका रूपमा अवरजन अर्थात् सबाल्टर्नलाई लिँदै 'सलिजो' र 'पल्ली' उपन्यासहरूमा तिरस्कृत पात्र 'भुइँमान्छे' शब्दको प्रयोग गरेका छन्।

सीमान्तीय सम्बन्धी चर्चाको उठान सर्वप्रथम जर्मनीका दार्शनिक कार्ल मार्क्सले गरेका हुन्। मार्क्सले अर्थसँग जोडेर शासक र शासित दुई वर्ग सङ्घर्षको अवधारणा ल्याए। मार्क्सले शासित वर्गलाई उत्पीडित भनेका छन्। मार्क्ससँगै प्लेखानोभ, जर्ज लुकाचलगायतले वर्ग सङ्घर्षका सन्दर्भमा सीमान्तीय अध्ययनको पृष्ठभूमि तयार पारे। यसो भए तापनि समसामयिक सन्दर्भमा सबाल्टर्नका उन्नायक, विस्तारक र केन्द्रीय विचारक इटालेली नवमार्क्सवादी एन्टोनियो ग्राम्ची (१८९१-१९३७) हुन्। ग्राम्चीले जेल जीवनमा तयार पारेको कृति प्रिजन नोटबुक्समा प्रयोग गरेको सीमित अर्थले बिसौँ शताब्दीमा संस्कृति र साहित्यको अध्ययन गर्ने सिद्धान्तका रूपमा मान्यता पायो। ग्राम्चीले प्रभुता वा प्रभुत्व (हेजेमोनी) का सन्दर्भबाट सबाल्टर्नलाई हेरेका छन् (आचार्य, २०७३, पृ. १२६)। ग्राम्चीले प्रभुता वा शक्तिको प्रयोगका दुईवटा तह (राजनीतिक समाज र नागरिक समाज) का विभिन्न अङ्ग (न्यायालय, सेना, चर्च, शैक्षिक संस्था आदि) को प्रयोग शक्तिशाली सम्भ्रान्त वर्गले गर्छ। यस प्रभुताको प्रयोग अवरजनले गर्न पाउँदैन; बरु ऊ यस्तो समुहद्वारा शासित हुन्छ भन्दै समाज परिवर्तनका लागि वैकल्पिक प्रभुता स्थापित गर्न सङ्गठित हुनुपर्ने धारणा ग्राम्चीको छ।

ग्राम्चीपछि लुई अल्थुसर, अर्नेस्टो ल्याकल्याउ, चान्टाल मुफीलगायतले ग्राम्चीका मान्यताको समीक्षा एवम् खण्डन गर्दै सबाल्टर्नलाई मौन संस्कृतिका सन्दर्भबाट हेरेका छन् । बिसौँ शताब्दीमा अवरजन र प्रभुत्वसम्बन्धी ग्राम्चीद्वारा प्रतिपादित सिद्धान्तको गहिरो प्रभाव युरोप र दक्षिण एसियामा पऱ्यो । अस्ट्रेलियाको राष्ट्रिय विश्वविद्यालयका प्राध्यापक भारतीय नागरिक रञ्जित गुहालगायत सबाल्टर्नवादीद्वारा स्थापित सबाल्टर्न स्टडिज ग्रुप (सन् १९८२) ले सीमान्तीय अध्ययनलाई मौलिक रूप दिए । गुहाले ब्रिटिस र भारतीय इतिहासकारसँग मिलेर गरेको अध्ययन समुहले इतिहासको पुनर्व्याख्या गर्दै पश्चिमाहरूले तयार पारेको भारतीय इतिहास उपनिवेशवादी मानसिकताबाट ग्रसित भएको र भारतीय इतिहासकारहरूले तयार पारेको इतिहास पनि केही सम्भ्रान्तहरूको पक्षमा मात्र भएकाले इतिहास लेखिन बाँकी रहेको विचारसँगै सीमान्तीयताको खोजी (शर्मा, २०७८, पृ. ६) गरेका छन् । गुहा नेतृत्वको समुहमा एरिक स्ट्रोक्स, डेभिड अर्नोल्ड, ज्ञानेन्द्र पाण्डे, गायत्री स्पिभाक चक्रवर्ती आदि रहेका छन् । गुहाले सीमान्तीयता मार्क्सले भनेझैँ आर्थिक पक्षसँग मात्र सम्बन्धित नभई जात, लिङ्ग र संस्कृतिका कारण आउँछ भन्ने भिन्न र परिवर्तित धारणा राखे । सबाल्टर्नलाई देश, काल, परिस्थिति र बहुलतावादी कोणबाट बुझ्नुपर्ने धारणा गुहाको छ ।

गुहाले सबाल्टर्नहरू निर्धा निमुखा हुन्; उनीहरूलाई बोल्न लगाउनुपर्छ भन्ने धारणा राख्छन् भने गायत्री स्पिभाकले सबाल्टर्न बोल्न सक्दैनन् भन्दै उनीहरूलाई चेतनशील बनाउने कुराप्रति विमति राख्छिन् (बराल, २०७३, पृ. १८२) । स्पिभाकले सबाल्टर्न स्टडिजलाई इतिहासको विनिर्माण मान्दै सबाल्टर्नलाई समाज र सामाजिक सम्बन्धमा नबाँधिएको, अनकन्टार टापुका पात्र र समुदायका रूपमा व्याख्या गरेर भाषा, सङ्केत र भिन्नताको शून्यवादी संसारमा पुऱ्याएकी छन् । विनिर्माणवादी ज्याक डेरिडाको विनिर्माणवाद, मिसेल फुकोको नवइतिहासवादजस्ता दर्शनले पनि नवकेन्द्रको स्थापना र इतिहासको पुनर्लेखनलाई जोड दिँदै सीमान्तीय अध्ययनलाई बल पुऱ्याएका छन् । सोह्रौँ शताब्दीमा सबाल्टर्न शब्दले छोटा किसान वा साना कामदारलाई बुझाउने गरेकोमा सत्रौँ शताब्दीतिर कप्तानभन्दा तल्लो लेफ्टिनेन्ट आदि सैनिकलाई बुझाउन थाल्यो । बिसौँ शताब्दीदेखि सबाल्टर्न शब्दले सामाजिक, आर्थिक, राजनीतिक आदि विभिन्न दृष्टिबाट निम्न हुन पुगेका वा निम्न पारिएका समुह, समुदाय वा व्यक्तिलाई सबाल्टर्नका रूपमा लिइएको छ (शर्मा, २०७०, पृ. ३१६) । अहिले यसलाई उत्तरउपनिवेशवादी लेखनसित सम्बद्ध सांस्कृतिक अध्ययनका रूपमा लिइएको पाइन्छ । सीमान्तीकृत कुनै राज्य, समाज, रङ, जाति, लिङ्ग, समुह, घरपरिवारलगायत विविध देश, काल र परिस्थितिमा भिन्न भिन्न रूपमा पाउन सकिन्छ । तसर्थ सीमान्तीकृत एउटा स्थिर विषय होइन ।

केन्द्र र किनारा अर्थात् उत्पीडक र उत्पीडितका सन्दर्भमा मनप्रसाद सुब्बा लेख्छन्- केन्द्र र किनारा आदिकालदेखि नै आपसी द्वन्द्वमा छन् । पौराणिक ग्रन्थहरूमा देव र दानव, देव र मानवमध्ये देवको तुलनामा दानव र मानव उपेक्षित नै रहे । द्रोणाचार्यसँग एकलव्यले धनुर्विद्या सिक्न आउँदा अपहेलित र अपमानित हुनुपऱ्यो (सुब्बा, सन् २०११, पृ. १०) । यसैगरी शताब्दीयौँदेखि धर्म र वर्णका बहानामा धेरै जाति उपेक्षित भए । यसैको विरुद्धमा अफ्रिका र अमेरिकामा 'ब्ल्याक प्यान्थर पार्टी' (सन् १९६० को दशक) र महाराष्ट्रमा सन् १९७२ देखि 'दलित प्यान्थर आन्दोलन' को थालनी भयो । अमेरिकामा मार्टिन लुथर र दक्षिण अफ्रिकामा नेल्सन मण्डेला रङ्गभेदका विरुद्ध उभिए । शक्ति केन्द्र विभिन्न प्रकृतिको हुन्छ- व्यक्तिक, सामाजिक, लैङ्गिक, जातिक, दैश्विक, वैश्विक आदि । पौराणिक युगमा सीता, द्रौपदीलगायत नारीहरू उपेक्षित भए । शेक्सपियरले 'ह्याम्लेट' कृतिमा महिलालाई 'आइमाई' भनी अपमान गरे । सुर्पणखा, होलिका जस्ता नारीलाई राक्षसीको आरोप लगाइयो । नारीलाई पुरुषका निम्ति वस्तु (object) अर्थात् अन्य (other) ठानियो । परिवारमा महिलाको भूमिका पुरुषका तुलनामा कम देखियो । चीन, भुटान लगायत देशमा अझै पनि भाषिक, सांस्कृतिक एवम् जातिगत किनारीकृतको अवस्था छ । दोस्रो विश्वयुद्धसम्म ८५ प्रतिशत भूभाग युरोपेलीहरूले उपनिवेश बनाए (सुब्बा, सन् २०११, पृ. १५) । अहिले

पनि संयुक्त राष्ट्र सङ्घ पश्चिमी राष्ट्रकै प्रभुत्वमा छ। विकासका बहानामा कयौँ गाउँ, बस्ती र आदिवासी विस्थापित तथा किनारीकृत भएका छन्; पृथ्वी र पृथ्वीका यावत् वस्तु र निम्नतर प्राणीहरू मान्छेकै उपभोगका निम्ति हुन् भन्ने पाश्चात्य धारणाको परिणामले पर्यावरणमा ह्रास आएको छ। मानव मूल्य स्खलन भएको छ। औपनिवेशवादका कारण विश्वमा उपनिवेशक र उपनिवेशितहरूको द्वन्द्व कायमै छ। उत्तरआधुनिक बहुलवादी प्रवृत्तिसँगै सीमान्तीय अध्ययनले महत्त्व पाउन थालेको धारणा सुब्बाको छ।

सबाल्टर्न अध्ययनलाई नेपाली साहित्यसँग पनि जोडेर हेर्न सकिन्छ। उत्पीडन एउटै खालको नभई स्थान सापेक्ष हुन्छ। दक्षिण एसियाका धेरै देशहरू बङ्गलादेश, नेपाल, पाकिस्तान, श्रीलङ्का लगायतमा भारतीय हैकमको धेरथोर प्रभाव छ। भारतीयहरूले नव इतिहासको खोजी गर्न थालेजस्तै नेपालमा पनि नव इतिहासको खोजी गर्नु जरुरी छ। हाम्रा केही साहित्य पनि परम्परागत सम्भ्रान्त वर्गको पक्षपोषण हुने गरी लेखिएका छन् भने अर्कोतर्फ साहित्यमा प्रयुक्त सीमान्तीयताको पर्याप्त खोजी हुन सकेको छैन। लैङ्गिक विभेदको अवस्था यथावत छ। वर्गीय विभेद कायमै छ। राजनीतिक रूपमा परिवर्तन आए पनि समाज परिवर्तन हुन सकेको छैन। रूपमा राज्यमा परिवर्तन आए पनि सारमा परिवर्तन आउन सकेको छैन। राज्यले पिछडिएको क्षेत्र र वर्गको उत्थानका निम्ति चालिएका कदमले मूर्त रूप लिन सकेको छैन। निमुखा, तल पारिएका र किनारामा रहेका सीमान्त वर्गहरू सधैँ अरूका लागि माध्यम बने। अब समाज विकासमा सीमान्तकृतहरूले खेलेको भूमिकालाई प्रकाशमा ल्याउनुपर्छ भन्ने मान्यता स्वरूप सीमान्तीय लेखन र अध्ययन हुन थालेको छ। लैनसिंह वाङ्देलका उपन्यास, पारिजातका कथा, उपन्यास, दिनेश अधिकारीका कविता, रामलाल जोशीका कथालगायत रचनामा आधारित भएर सीमान्तीय अध्ययन गर्न सकिन्छ (शर्मा, २०७८, पृ. ९)। यस अध्ययनमा नयनराज पाण्डेको 'उलार' उपन्यासलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। यस्ता आधारहरू आर्थिक/वर्गीय, राजनीतिक, जातिगत, लैङ्गिक, शैक्षिक, उमेरगत, सांस्कृतिक र स्थानगत रहेका छन्।

## अनुसन्धान विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचामा आधारित छ। अनुसन्धानमा व्याख्यावादी दर्शन, कृति विश्लेषण विधि र सीमान्तीय सिद्धान्तलाई आधार बनाइएको छ। यस अनुसन्धानको दार्शनिक पक्ष तथा तथ्याङ्क सङ्कलन र विश्लेषण विधिलाई निम्नानुसार क्रमशः स्पष्ट पारिएको छ :

**दार्शनिक स्थिति** : प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ। व्याख्यावादी दर्शनले सामाजिक, शैक्षिक, सांस्कृतिक, मनोविज्ञानलगायत क्षेत्रका विविध सत्यतथ्यको खोजी गर्ने हुनाले अनुसन्धानबाट प्राप्त सत्य (अन्टोलोजी) कृतिबाट प्राप्त सीमान्तीय पक्षहरूलाई मानिएको छ। यसै गरी अनुसन्धानमा सीमान्तीय सिद्धान्त र प्राथमिक स्रोतका रूपमा रहेको 'उलार' उपन्यास तथा द्वितीय स्रोतका रूपमा रहेका पत्रपत्रिका, अनुसन्धानमूलक लेख, सन्दर्भ पुस्तकलगायतबाट प्राप्त तथ्यलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी) का रूपमा लिइएको छ। यस्तो ज्ञान विषयगत प्रकृतिको रहेको छ। यसै गरी अनुसन्धानबाट प्राप्त निष्कर्षलाई मूल्यका रूपमा लिइएको छ र यस्तो मूल्यलाई सापेक्ष वा उपयोगितावादी रूपमा हेरिएको छ। अनुसन्धानमा तथ्याङ्कबाट प्राप्त तर्क र साक्ष्यलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरिएको छ।

**तथ्याङ्क सङ्कलन र विश्लेषणका विधि** : प्रस्तुत अनुसन्धानमा नयनराज पाण्डेद्वारा लिखित उलार (२०६५) उपन्यासलाई प्राथमिक स्रोतका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ। यसै गरी द्वितीयक स्रोतका रूपमा सीमान्तीय सिद्धान्तसँग सम्बन्धित सन्दर्भ पुस्तक, अनुसन्धानमूलक लेख तथा पत्रपत्रिकाबाट अनुसन्धानलाई सहयोग गर्ने तथ्याङ्क सङ्कलन गरिएको छ। तथ्याङ्क विश्लेषण गर्दा सीमान्तीय सिद्धान्तलाई आधार बनाइएको छ। यस्ता आधारहरूमा

आर्थिक/वर्गीय सीमान्तीयता, राजनीतिक सीमान्तीयता, जातिगत सीमान्तीयता, लैङ्गिक सीमान्तीयता, शैक्षिक सीमान्तीयता, उमेरगत सीमान्तीयता, सांस्कृतिक सीमान्तीयता र स्थानगत सीमान्तीयता रहेका छन् । यसका अतिरिक्त उलार उपन्यासमा प्रयुक्त पात्रको पहिचान, प्रतिनिधित्व र आवाजलाई पनि कृति विश्लेषणको आधारका रूपमा लिइएको छ। पूर्व अध्येतासँग संवाद गर्दै लेखकीय दृष्टिकोणसमेत उपयोग गरी प्राज्ञिक जिज्ञासा र उद्देश्यका आधारमा अनुसन्धेय कार्य सम्पन्न गरिएको छ । तथ्याङ्क सङ्कलनदेखि विश्लेषणसम्म प्राज्ञिक लेखनका आधारलाई अवलम्बन गरी अनुसन्धानलाई विश्वसनीय र वैध बनाइएको छ ।

## नतिजा र छलफल

उत्तरआधुनिक समालोचना पद्धतिको बहुलवादी चिन्तनअन्तर्गत सीमान्तीय अध्ययनलाई लिइन्छ । मार्क्सवादबाट सुरु भएको सीमान्तीय अध्ययन अहिले उत्तरऔपनिवेशवादसँग सम्बन्धित छ। मार्क्सले अर्थका आधारमा समाजमा दुई वर्ग देखे, सम्भ्रान्त र उत्पीडित वर्ग । ग्राम्ची, रञ्जित गुहा, गायत्री स्पिभाकलगायतले सीमान्तीयता ठोस वा स्थिर हुँदैन, यो देश, काल सापेक्ष हुन्छ भन्दै सीमान्तीयताका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक लगायत स्वरूप (त्रिपाठी, २०६५, पृ. १३४) हुन्छन् भन्ने मान्यता राखे । समाजमा शोषण जाति, धर्म, रङ्ग, लिङ्ग, अर्थ आदिका आधारमा हुने गर्छ । सबाल्टर्नहरू निमुखा, निम्नस्तरका, आवाजविहीनहरू हुन् । यिनीहरू श्रमजीवी वर्गका हुन् र यिनीहरू सधैँ अरूका लागि बाँच्छन् । यिनीहरू बोल्दैनन्, उत्पीडन विरुद्ध बोल्छन् र विद्रोह गर्छन् साथै यिनीहरूलाई लेखकले बोल्न लगाउनुपर्छ भन्ने तीन थरी मत भए पनि समग्रमा सीमान्तवादी लेखकले सबाल्टर्नका आवाजलाई उठाउँछन् । साहित्यका माध्यमबाट उत्पीडिनका विरुद्ध उठ्न र सङ्गठित हुन सहयोग पुऱ्याउँछन् भन्ने मान्यता सीमान्तीय अध्ययनमा पाइन्छ । तर यिनीहरूको आवाजलाई सम्बन्धित पक्षसम्म पुऱ्याउन निरन्तर सङ्घर्ष गर्नुपर्छ । यसै पृष्ठभूमिमा 'उलार' उपन्यासलाई वर्गीय, जातीय, लैङ्गिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक तथा उमेरगत सीमान्तीय आधारमा निम्नानुसार विश्लेषण गरी छलफल गरिएको छ :

**आर्थिक/वर्गीय सीमान्तीयता** : पश्चिम नेपालको नेपालगञ्जलाई कार्यपीठिका बनाएर रचिएको 'उलार' उपन्यासले वर्गीय चित्रणलाई महत्त्व दिएको छ। उपन्यासमा शान्तिराजा, राजेन्द्रबाबु, शिलाबाबुजस्ता उच्च/सम्भ्रान्त/सामन्त/दलाल वर्गका पात्र एकातर्फ छन् भने अर्कोतर्फ प्रेमललवा, भौजी, कलुवा, द्रौपदी, सावित्री, सीताजस्ता विपन्न/अधीनस्थ/श्रमजीवी/निम्न वर्गका/निमुखा पात्रहरू छन्। उच्च वर्गका पात्रहरू २००७ सालपूर्व र पञ्चायत कालमा पनि राजनीतिक समाज (न्यायालय, सेना) र नागरिक समाज (शैक्षिक संस्था, चर्च) लाई आफ्नो अधीनमा लिई निरीह जनतालाई शोषण गरिरहेको अवस्था छ भने २०४७ को बहुदलीय व्यवस्थापछि पनि शान्तिराजाजस्ता पात्र शासनसत्तामा छन् । उनीहरू जनताप्रति अनुदार छन्, निष्ठा र इमानको राजनीति गर्दैनन् । उपन्यासको नायक प्रेमललवाको बाबु श्रम गर्दागर्दै ट्रकले किचेर मर्छ (पाण्डे, २०७५, पृ. १५) । प्रेमललवा, ननकउ बर्सौं टाँगा चलाउँछन् । सावित्री, द्रौपदी, कुन्तीलगायतको बादी पेसा विवशताको परिणाम हो । उनीहरूले श्रमको मूल्य पाएका छैनन् । चुनाव प्रचारदेखि विजय ऱ्यालीसम्म प्रेमललवाको टाँगा प्रयोग भयो । टाँगा उलार भएर प्रेमललवाकी वसन्ती मरी तर दसौँ दिन पुल्चोक, बालुवाटार, सिंहदरबार, पार्टी अफिस धाउँदा र खोजेर लगेको पैसा सकिँदा पनि वसन्तीको क्षतिपूर्ति नपाउनु (पाण्डे, २०६५, पृ. ६९) उत्पीडनको चरम रूप हो ।

क्षतिपूर्ति लिन काठमाडौँ जाने बेलामा द्रौपदीले बाटाखर्चस्वरूप आफ्नो टप निकाली प्रेमललवाको हातमा थमाइदिनु (पाण्डे, २०६५, पृ. ५०), कलुवालाई थाहा नदिई कलुवाकी पत्नी भौजीले २५ रुपियाँ र भौजीलाई थाहा नदिई कलुवाले २५ रुपियाँ बाटाखर्च दिएर प्रेमललवाको समस्या टार्न सहयोग गर्नेहरूमा तीव्र मानवता भेटिन्छ। सित्तैमा

टाँगा कुँदाउने र सित्तैमा अर्काको शरीरलाई गिजोल्ने शान्तिराजा, राजेन्द्र बाबु, विष्णे असई अपराधी हुन्। प्रेमललवाले वसन्तीको क्षतिपूर्ति माग्न जाँदा गरेको विलौनाले केन्द्र र किनाराबिचको स्पष्ट दूरी देखिन्छ र वर्गीय सीमान्तीयतालाई पुष्टि गर्छ। 'मालिक म त भोकै मर्ने भएँ', प्रेमललवा रुँदै भनिरहेछ (पृ. ४१)। यसै गरी विजय जुलुसमा टाँगा प्रयोग गरेबापत प्रेमललवाले पाउने सय रुपियाँ प्रेमललवाले पाउँदैन र ननकउको फटाहा प्रवृत्ति सम्झिएर प्रेमललवा आत्तिन्छ। 'साला ननकउ, अब त्यसले सौ रुपियाँ मरे पनि दिन्न। एक नम्बरको हरामी।' कलुवाको कुराले आत्तियो प्रेमललवा (पृ. ३४)। यसबाट पनि वर्गीय सीमान्तीयता स्पष्ट हुन्छ। उपन्यासमा बदिनीहरूको दिनचर्या निकै दर्दनाक छ। बदिनी द्रौपदी भन्छे- "हामीलाई पनि निकै समस्या छ। कमाएको पैसा जति आमाको औषधीमा खर्च हुन्छ। पैसा नभएर सीतालाई जचाउन पाएकी छैन" (पृ. ४९)। यस्ता घटना वा अवस्था देखिनुको पछाडि प्रभुत्व नै कारण देखिन्छ। प्रेमललवाले काठमाडौँमा शान्तिराजासँग वसन्तीको क्षतिपूर्ति माग्न जाँदा पाएको सास्ती कम संवेदनशील छैन- "लुगा पनि लाउनै नहुने गरी मैलो भैसकेको थियो। कमिजको बाहुला झन् मैलो थियो। राति एकान्तमा रुँदा कमिजको बाहुलाले आँसु पुछ्थ्यो। चप्पल उसले लगाउनै छाड्यो। जाडोले उसको छाती दुख्न थाल्यो। मन पनि त दुखिरहेको थियो" (पृ. ६९)। यही आर्थिक अभावका कारण प्रेमललवाले द्रौपदीसँग विवाह गरी सुखी जीवन विताउन पाएको छैन। समग्रमा उपर्युल्लिखित साक्ष्यहरूले उपन्यासमा वर्गीय सीमान्तीयता सशक्त रूपमा चित्रण भएको देखिन्छ।

**राजनीतिक सीमान्तीयता** : 'उलार' राजनीतिक पृष्ठभूमिमा आधारित वर्गीय उपन्यास हो। उपन्यासले २०४७ सालपछि नेपाली राजनीतिक पर्यावरणमा मौलाएको कुरूप यथार्थलाई चित्रण गरेको छ (सुवेदी, २०६९, पृ. ३६)। राजनीतिमा जनता र शासक, योगदान र मूल्याङ्कनको सम्बन्ध हुनुपर्नेमा उपन्यासमा यसो हुन सकेको छैन। जनताको अपेक्षाअनुसार विकास भएको पाइँदैन। विजय जुलसमा प्रयोग गरेकी वसन्ती मरेपछि त्यसको क्षतिपूर्ति नपाउनु र अनेक सास्ती भोग्न पर्नु राजनीतिको दुष्परिणाम हो। सत्ताको हालीमुहाली गर्ने र त्यसको पछि लाग्नेहरूले अकुत सम्पत्ति जोडेका छन्। यसको प्रमाण पञ्चायतको पालामा ननकउले लौटनसिंह थारुको पछि लागेर पक्की घर ठड्याएको (पाण्डे, २०७५, पृ. ५४)। सबैले देखेका छन्। सिंहदरबारभित्रको पालेले "आउने जाने समयको ठेगान नभएका, बोली, व्यवहार र सिद्धान्तको ठेगान नभएका मन्त्रीहरू" (पृ. ५९) लाई तथानाम गाली गर्नु र सात सालको क्रान्तिमा तिघ्रामा गोली लागेको, सत्र सालमा देस छोडेर भागेको, छत्तिस र छयालिस सालमा जेलमा मरणासन्न हुने गरी पिटिएको त्यो बुढो खुट्टा खोच्याउँदै दुई चार जनाको नमस्कार थाप्दै चुरोट खोज्न पार्टी अफिसबाट बाहिरिनु (पृ. ६५) र चैते नेताहरू एकाएक नेतृत्वमा पुग्नु राजनीतिक सीमान्तीयताको ज्वलन्त साक्ष्य हो। शासन, शक्ति (हेजेमोनी) जनताको तहसम्म पुगेकै छैन। सीमित र मुठ्ठीभर व्यक्तिले व्यक्तिगत स्वार्थ पूर्तिका लागि राजनीति गरेका छन्।

राजनीति जनताको गास, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षालगायत सुविधाका निम्ति हुनुपर्नेमा त्यसो हुन सकेको छैन। बादी प्रथा कायमै छ। अशिक्षाका कारण प्रेमललवा सामन्त दलालको ठगीको सिकार हुन पुगेको छ। बादी व्यवसाय व्यवस्थित हुन सकेको छैन। टाँगा व्यवसायी ठगिएका छन्। प्रेमललवाको वसन्ती मर्दा त्यसको क्षतिपूर्तिका लागि टाँगा व्यवसायी सङ्गठित हुन सकेका छैनन्। कलुवाको घाँस पेसा सङ्कटमा छ (पृ. ५१)। प्रेमललवाले सही मान्छे छानेर भोट खसाल्यो तर राजनीतिको खेल उसले बुझ्न सकेन। पैसाको राजनीति समाजमा कायमै छ। पैसाले भोट किन्ने र त्यसमा बेचिने जनता अझ सचेत बन्न सकेका छैनन्। स्थानीय तहका नेता भनाउँदा राजेन्द्र बाबु जस्ताहरू पनि पैसामा बिक्छन्। राजनीति सेवामुखी, जनतामुखी, व्यवस्थित र सुशासनयुक्त हुन सकेको छैन। प्रेमललवा, कलुवा, भौजी, द्रौपदी, कुन्तीलगायत यही राजनीतिक सीमान्तीयताका साक्ष्य हुन्; जसलाई राजनीतिक व्यवस्थाले कुनै प्रभाव पारेको छैन, उनीहरू झन् पीडित छन्। पुलिस कृष्णेले द्रौपदीलाई सित्तैमा गिजोल्छ (पृ. ४८)। शिलाबाबु र राजेन्द्रराज मिलेर

ठुलो कमिसन खाएर प्रेमललवाको जग्गा बेचिदिन्छन् र उसलाई मेनरोडबाट सुर्खेत रोड, सुर्खेत रोडबाट कोरियनपुरवा, कोरियनपुरवाबाट परसपुर धकेलिदिन्छन् (पृ. ७८), टाँगा चोरी हुनु (पृ. ७२) र राजेन्द्रराजले "फोकटको राजनीति कहाँ हुन्छ" (पृ. ७५) ? भन्नु शासक वर्गको चरम शोषण हो र उनीहरूको मिलेमतो हो। उनीहरूले प्रभुत्व (हेजेमोनी) लाई आफ्नो अधीनमा लिएका छन्।

**जातिगत सीमान्तीयता** : सीमान्तीयका विविध स्वरूपमध्ये जातिविशेषमा आधारित सीमान्तीय यसभित्र पर्दछ। उपन्यासमा बादी, घसियाराजस्ता जातिविशेषको उल्लेख छ। यिनीहरूले परम्परागत पेसा धान्दै आएका छन् तर यिनीहरूको पेसा सङ्कटमा पर्दै आएको छ। यिनीहरूले गर्ने आफ्नो सांस्कृतिक व्यवसाय व्यवस्थित र उन्नत बन्न सकेको छैन र छोड्न पनि सकेका छैनन्। द्रौपदीकी आमाले यही बादी काम गर्दै अहिले विरामी छे, द्रौपदी सावित्री र कुन्तीसँग आउने पुरुषहरूमध्ये केहीले ५/१० रुपियाँ दिन्छन् (पृ. १३) त कसैले सित्तैमा जिउ गिजोलेर फर्कन्छन् (पृ.४८)। द्रौपदीलगायत बदिनीहरूले देहव्यापारलाई आफ्नो संस्कार ठान्छन् र जीवन निर्वाहको माध्यम मान्छन्। यस सन्दर्भमा प्रेमललवा र द्रौपदी बिचको संवादः

"तँ किन यस्तो घिनलाग्दो पेसा गर्छेस् ?" उसले सोध्यो

"तँ किन टाँगा चलाउँछस् ?" उसले प्रतिप्रश्न गरी (पृ. २६)।

यस्तै अर्को साक्ष्य :

> हामीलाई पनि निकै समस्या छ। कमाएको पसा जति आमाको औषधिमा खर्च हुन्छ। पैसा नभएर सीतालाई जँचाउन पाएकी छैन। चार, पाँच दिनदेखि जरोले लडेकी छे। बाउ भनाउँदो काम न काजको। अस्ति भन्दै थियो- यतातिर अब बेपार छैन। दाङ जाऊँ। त्यतातिर अचेल खुब चल्दै छ रे।" द्रौपदी यति भनेर चुप लागी। (पृ. ४९-५०)

द्रौपदीले यही देह व्यापारमा अभ्यस्त हुँदा उसलाई आफू बसेहुर्केको घरभन्दा नगरपालिकाको पिसाबघर सफा लाग्छ। उसलाई आफ्नो नाम द्रौपदी किन राखियो भनने पनि विचार गरेकी छैन र सीता छोरी कसबाट जन्मिई भन्ने पनि थाहा छैन।

पोस्टर टाँस्ने काम गर्दै आएको कलुवाको घर नेपालगञ्जको घसियारन टोलमा पर्छ र ऊ जातले पनि घसियारा नै हो। ऊ आफूले घसियाराको काम उहिले नै गर्न छाडे पनि स्वास्नी र आमा अफ यही काममा छन् (पृ. ५१)। वसन्ती मरेपछि क्षतिपूर्ति लिन काठमाडौँ जाने तयारीका क्रममा प्रेमललवा कलुवासँग सहयोग माग्न आउँदा कलुवाकी स्वास्नीले घाँस कम विक्री भएको, घरखर्च चलाउन ठिक्क भएको लगायतका आफ्ना व्यथा सुनाउँछेः

> भैया त्यति पैसा मसँग कहाँ छ र ? हिन्दु मुस्लिमको दङ्गा भएपछि हाम्रो घाँस बिक्री हुन छोडेको छ। टाँगावाला हामीकहाँ आउँदैनन्। हामी हिन्दु ... । चारदिनदेखिको घाँस त्यसै पडिरहेछ। फेरि आजकल विक्रम टेम्पु चल्छ, टाँगा कम हुँदैछ। तर कलुवा एकैछिन बाहिर गएको मौका पारी भौजीले उसको हातमा पच्चिस रुपियाँ राखिदिई र भनी- 'कलुवालाई नभन्नु'। (पृ. ५१)

कलुवाको पुख्यौली पेसा सङ्कटमा पर्दै आएको माथिको साक्ष्यले पुष्टि गर्छ। यसै गरी प्रेमललवा, ननकउलगायत पात्रहरू टाँगा चलाउँदै आएका छन्। ननकउ टाँगा एसोसियसनको अध्यक्ष नै हो। प्रेमललवाको बाबु ट्रकले किचेर मऱ्यो। प्रेमललवा सानैदेखि टाँगा चलाउँदै आयो। शान्तिराजाको विजय जुलुसमा परेर टाँगा उलार भएपछि वसन्ती मरी। प्रेमललवाले क्षतिपूर्ति पाएन। बरु प्रेमललवा आफूलाई शोषण गर्नेहरूप्रति विद्रोही बनेको छ (पृ. ७८-७९)। सामन्तहरूप्रति घृणा व्यक्त गरेको छ। यसरी विभिन्न साक्ष्यहरूका आधारमा उपन्यासमा राजनीतिक सीमान्तीयताको पुष्टि भएको छ।

**लैङ्गिक सीमान्तीयता** : लिङ्ग (महिला, पुरुष) जीववैज्ञानिक विषय हो भने लैङ्गिक समालोचना सामाजिक, सांस्कृतिक पक्ष हो। लिङ्गका आधारमा समाजले निर्धारण गरेको भूमिका लैङ्गिक पक्ष हो र यसको अध्ययन लैङगिक

समालोचना हो । समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ, हुनुपर्थ्यो वा हुनुपर्छ भन्ने कुराको विश्लेषण लैङ्गिक समालोचनामा गरिन्छ (भट्टराई, २०६८, पृ. २६१) । पुरुष र महिला समाजका अभिन्न अङ्ग हुन् । समाजले यी दुईलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार परम्परादेखि केही सङ्कुचित भए पनि अहिले समान देखिँदै आएको छ । अब उपन्यासमा लैङ्गिक आधारमा कुन वर्गका व्यक्ति उपेक्षित छ त ? खोज्नु जरुरी छ । उपन्यासमा तल्लो वर्गका महिला र पुरुष दुवै वर्ग उपेक्षित छन् । महिलाहरूमा बदिनीहरू (द्रौपदी, कुन्ती, सावित्रीलगायत) उपेक्षित छन् भने पुरुषहरूमा प्रेमललवा, कलुवा जस्ता निम्न वर्गका पुरुष उपेक्षित छन् ।

वादीहरूको पेसा र कार्य नै यही हो, तसर्थ यिनीहरू जहिले, जोसँग र जतिसुकै पैसा वा विना पैसा देह व्यापार गर्न बाध्य हुन्छन् भन्ने मानसिकता रहेको ननकउ, कलुवा, विष्णे असईलगायतको व्यवहारबाट स्पष्ट हुन्छ । बदिनीहरू शारीरिक रूपमा नचाहँदा नचाहँदै पनि यो कार्य आफ्नो बाध्यता भएको ठान्छन् । "ऊ भावुक भएर द्रौपदीलाई म्वाइँ खाँदै भन्यो- 'सधैँ हाँसिराख है' ? तर द्रौपदीले उसलाई भन्न सकिन कि अचेल कम्मर दुखेर ऊ रातभरि रोइरहन्छे, द्रौपदी रातभरि रोइरहन्छे" (पृ. २४) । त्यसैले बदिनीहरू परम्परादेखि शोषित र पीडित छन् । यिनीहरूको पेसा व्यवस्थित र आकर्षक बन्न सकेको छैन । पैसा बचत नभएका कारण नै द्रौपदी प्रेमललवालाई सहयोग गर्न सक्दिन तर आफ्नै समस्या ठानी प्रेमललवालाई आफ्नो टप निकालेर बाटा खर्च गर्न दिन्छे । अर्कोतर्फ प्रेमललवाले आर्थिक कारण चाहेर पनि द्रौपदीलाई भित्र्याउन सक्दैन । उसले आफैँलाई कमजोर ठानेको छ- "ऊ चुपचाप आफ्नो घर फर्कियो । उही थोत्रो भत्किन लागेको घर । एउटा खाट । पोस्टर । गिल्टीका भाँडा र वसन्तीको बाँकी खुराक । उसलाई घरभित्र आफू निकै निरीह लाग्यो । उसलाई आफूभित्र घर निकै निरीह लाग्यो" (पृ. ४०) । प्रेमललवा, कलुवा जस्ता पुरुष पात्रहरू पनि शान्तिराजा जस्ता उच्च वर्गका व्यक्तिबाट उपेक्षित छन् ।

**शैक्षिक सीमान्तीयता** : नेपालको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रअन्तर्गतको नेपालगञ्ज शिक्षा र चेतनाका दृष्टिले पछि परेको तथ्य उपन्यासका घटनाक्रमले पुष्टि गर्छ । उपन्यासको मुख्य पात्र प्रेमललवा, द्रौपदी, कलुवा, कुन्ती, सावित्री, द्रौपदीका बुबा, आमा, छोरी सीता अशिक्षित छन् । यही कारण उनीहरू बादी, टाँगा चलाउने जस्ता सामान्य पेसा गर्दै आएका छन् । यही शिक्षा र चेतनाको अभावले उनीहरू आफू ठगिएको र उत्पीडनमा परेको आवाज सम्बन्धित निकायमा पुऱ्याउन सक्दैनन् । अशिक्षाकै कारण तल्लो स्तरको जागिर गर्दा कलुवाले सय पोस्टर टाँसेको जम्मा पाँच रुपियाँ पाउँछ (पृ. १२) । अशिक्षित र इमानदार प्रेमललवाप्रति लक्षित गर्दै लेखक भन्छन्- "प्रेमललवालाई हिसाब गर्न आउँदैन । सौ पचासको लेनदेन गर्नुपऱ्यो भने कन्फुज भइहाल्छ । दुई चार अक्षर पढेको भए पो" (पृ. १५) ! यसले शिक्षाबाट वञ्चित नागरिकको सीमान्तीय अवस्थाको पुष्टि हुन्छ । अशिक्षाकै कारण प्रेमललवाले आफ्नो पैतृक सम्पत्तिका रूपमा रहेको जग्गा बेच्दा एकलाखको कागजमा ल्याप्चे लगाउँछ र तिस हजार बुझ्छ (पृ. १७) । इमानदार, सोझो प्रेमललवालाई सामान्य व्यक्ति कलुवाले समेत नपढेको हिसाब गर्न नआउने भनी हेप्छ- "अनि त्यो हरामी थपुवा (थापा) लाई तिस रुपियाँ कमिसन दिएको नि बिर्सिस् ? अनि तेरो हातमा सत्तर मात्र आएन ? साला हिसाब गर्न आउँदैन" (पृ. १४) ! यस साक्ष्यले शैक्षिक सीमान्तीयतालाई पुष्टि गर्छ ।

अशिक्षाकै कारण बदिनीहरू घिनलाग्दो पेसा गर्न बाध्य छन् । उनीहरूसँग यसको विकल्प पनि छैन र फरक सोचविचार पनि आउँदैन । उपन्यासको प्रमुख पात्र प्रेमललवा निरक्षर भएर धेरै दुःख पाएको छ । सानैमा बाबुआमा मरेकाले उसले पढ्न पाएको छैन । घोडी वसन्ती मरेपछि त्यसको क्षतिपूर्ति लिन काठमाडौँ जाने क्रममा काठमाडौँका विभिन्न ठाउँका बारेमा सोध्दा चिया पसलेले प्रेमललवालाई अपशब्द बोलेको छ ओर्लिनेबित्तिकै प्रेमललवाले एउटा चिया पसलेसित पुल्चोक कता पर्छ ? भनी सोध्यो । चिया पसले दस पाउण्ड दुध फाटेको रिसमा थियो । त्यसैले आफ्नो गुप्ताङ्गतिर

देखाउँदै उसले भन्यो- 'यी यहाँ पर्छ मुला मर्स्या' (पृ. ५३) । यसै गरी काठमाडौँमा लेखक निराकारप्रसादसँगको कुराकानीमा प्रेमललवा अलमलिन्छ। अशिक्षाकै कारण उसले लेखक, साहित्यकार आदि बुझ्दैन। निराकारको भनाइमा विश्वास गर्छ र पटक पटक गरी ८० रुपियाँमा ठगिन्छ। "निराकारजीले आफूलाई लेखक भने। उसले बुझेन। खर्दार, मुखिया, सुब्बा, हाकिमजस्तै कुनै पद ठान्यो। निराकारजीले कथा लेख्छु, नाटक लेख्छु पनि भने। उसले तमसुक, राजीनामा वा नामसारी जस्तै केही लेख्छन् भन्ने ठान्यो" (पृ. ६०) । यसरी उपन्यासमा विभिन्न साक्ष्य र तर्कद्वारा शैक्षिक सीमान्तीयता छ भनेर पुष्टि हुन्छ। शिक्षा र चेतनाबाट विशेष गरी पश्चिम तराईका निम्न वर्गका जनता उत्पीडित छन्, शोसित छन् र पछाडि परेका छन्।

**उमेरगत (अशक्त, बृद्ध, बाल) सीमान्तीयता** : उमेरगत सीमान्तीयताभित्र बाल श्रमिक, बृद्धावस्था र शारीरिक अशक्तताका कारणले उपेक्षित वर्ग वा व्यक्ति पर्दछन्। उपन्यासमा प्रेमललवा, द्रौपदी, द्रौपदीकी आमा र बाबु तथा आन्दोलनका घाइते यही उमेरगत सीमान्तीयताको प्रतिनिधित्व गर्छन्। यिनीहरू निम्न वर्गका, निमुखा र आवाजविहीन हुन्। उपन्यासको मुख्य पात्र प्रेमललवा सानो उमेरमै टाँगामा हेल्पर हुँदा र पछि टाँगा चलाउन थाल्दा साथीहरू/अरूहरूले उसप्रति उपेक्षा गर्छन्- "साला ! बित्ताभरिको भएर टाँगा चलाउँछस्" (पृ. १८) ? यसै गरी द्रौपदीको बाउ बिरामी भएको छ। ऊ ठ्याम्मै कान नसुन्ने भएको र छोरीका लागि ग्राहक खोजेर ल्याउन नसकेको तथ्य (पृ. २०) ले उमेरगत सीमान्तीयतालाई पुष्टि गर्छ। द्रौपदीकी आमाले सानैदेखि बादी पेसा गरेकी र अहिले उमेर नपुग्दै बुढी र कमजोर भएको तथ्य उपन्यासमा पाइन्छ : "द्रौपदीकी आमा खाटमै टाँस्सिइरहन्छे। दीर्घ रोगले समातेको छ। ४०-४५ को उमेर हो तर ६०-७० की बुढी देखिन्छे। खोकिरहन्छे, कनिरहन्छे" (पृ. २१)। यसै गरी लोकतन्त्र, गणतन्त्रमा पनि आन्दोलनका घाइते उपेक्षित छन्। उनीहरूको योगदानको सही मूल्याङ्कन र उपचार भएको छैन। "सात सालको क्रान्तिमा तिघ्रामा गोली लागेको, सत्र सालमा देश छोडेर भागेको, छत्तिस र छ्यालिस सालमा जेलमा मरणासन्न हुने गरी पिटिएको त्यो बुढो खुट्टा खोच्याउँदै चुरोट खोज्न पार्टी अफिसबाट बाहिरिएको (पृ. ६५) साक्ष्यले यही तथ्य पुष्टि गर्छ। राज्यले यस्ता आन्दोलनका घाइतेलाई विशेष सुविधा दिएको छैन। घाइतेहरू अपाङ्ग अवस्थामै मागेर, खोजेर जीवन निर्वाह गर्नुपर्ने अवस्था छ। यी विभिन्न प्रसङ्ग र तथ्यहरूले उमेरगत सीमान्तीयतालाई स्पष्ट पार्छन्।

**सांस्कृतिक सीमान्तीयता** : सामान्य अर्थमा संस्कृति भन्नाले समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, कलाकौशल, धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत गर्ने काम भन्ने हुन्छ। संस्कृतिसँग सम्बन्धित अध्ययन सांस्कृतिक अध्ययन हो तर वर्तमान सन्दर्भमा सांस्कृतिक अध्ययन कुनै राष्ट्र वा जातिको सामाजिक, राजनीतिक, आर्थिक, बौद्धिक व्यवस्थासँग सापेक्षित हुन्छ र यो सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप हो। सांस्कृतिक अध्ययनको आरम्भ सन् १९६० को दशकमा बेलायतबाट भएको हो। सांस्कृतिक अध्ययनले प्रतिनिधित्व, पहिचान, आवाज, लैङ्गिकता, विचारधारा, स्थान र भूगोल, उत्तरऔपनिवेशिकतालगायत (पाण्डेय, २०७३, पृ. ६९) क्षेत्रको अधययन गर्छ। यसमा देश, काल सापेक्ष मूल्य, मान्यता, कला, साहित्य, धर्म, दर्शनलगायतको समष्टिगत अध्ययन हुन्छ।

उपन्यासमा वर्णित कथानकमा परम्परागत सांस्कृतिक मूल्य मान्यता स्खलन हुँदै आएका छन्। परम्परागत धर्म संस्कृति, नैतिकता, आदर्श आदि उपेक्षित छन्। कलुवा परिवारको घँसियार व्यवसाय धरापमा छ। द्रौपदी, कुन्ती, सावित्रीलगायतको बादी पेसाले उनीहरूलाई तनाव दिइरहेको छ। प्रेमललवालगायतको टाँगा व्यवसायमा सङ्कट थपिएको छ। मूल्य, मान्यता र निष्ठाको राजनीति नभई छलछाम र किनबेचको राजनीति हावी हुँदै आएको छ। सोझा, इमानदार र बफादार प्रेमललवा तथा उसको बाबु गौप्राणी बुधे र उसले गाएको लोकगाथा (पृ. ७८) को मूल्य हराएको छ, त्यस्ता विषय अहिले उपेक्षित छन्। सीमान्तीकृत छन्। इमानदार प्रेमललवाको टाँगा चोरी हुन्छ, घर भत्कन्छ (पृ. ७२)। छलछाम र किनबेचका आधारमा चुनाव जित्ने शान्तिराजा जस्ता व्यक्तिहरू पार्टीमा माथिल्लो पदमा पुग्छन् चुनाव

जिन्छन् र मन्त्री हुन्छन् । उनीहरूले प्रेमललवा जस्ता इमानदार जनतालाई बेवास्ता गर्छन् । पार्टी अफिसमा देशको हितभन्दा सत्ता, कुर्सी र षडयन्त्र (पृ. ६३) का कुरा हुन्छन् । आउने जाने समयको ठेगान नभएका, बोली, व्यवहार र सिद्धान्तको ठेगान नभएका मन्त्रीप्रति मन्त्रालयको पालेले समेत विश्वास गर्दैन (पृ. ५९) । राजनीति फोहरी खेल भएको र यसले सुशासन ल्याउन नसकेको निष्कर्ष उपन्यासमा पाइन्छ । पार्टीभित्र योगदानको कुनै कदर छैन । हिन्दु मुस्लिमको दङ्गा (पृ. ५१) ले जनजीवन त्रसित छ । विजयजुलुसमा प्रयोग भएको टाँगा तान्ने घोडी वसन्ती मरेपछि त्यसको क्षतिपूर्ति प्रेमललवाले पाउन सकेको छैन । तसर्थ उपन्यासमा परम्परागत सांस्कृतिक मूल्य मान्यता, धर्म र विश्वास सीमान्तकृत हुँदै आएका छन् ।

**स्थानगत सीमान्तीयता** : उपन्यासलाई स्थानगतलगायत आधारमा पनि सीमान्तीय देखाउन सकिन्छ। प्रेमललवालाई शान्तिराजा भेट्न काठमाडौँ जान आउन निकै दिन लाग्ने र धेरै पैसा खर्च गर्नुपरेको छ । उसलाई पैसा जुटाउन निकै समस्या परेको छ- "काठमाडौँ गएर मात्र पुगेन । पक्कै तीनचार दिन लाग्छ । तीनचार दिन खानुपर्‍यो, बस्नुपर्‍यो । हजार बाह्र सय त लाग्छ । तीब्र निराशाका साथ उसले हिसाब गर्‍यो । यति मोटो रकमको जोरजाम गर्नु एउटा विशाल समस्या थियो" (पृ. ४९) । यसबाट स्थानिक आधारमा केन्द्र र किनाराको दूरी निकै धेरै भएको स्पष्ट हुन्छ ।

**उपन्यासमा सीमान्तीकृत वर्ग/पात्रको पहिचान, प्रतिरोध, प्रतिनिधित्व र आवाज**

सीमान्तीयता निरूपणको मूल आधार कृतिमा प्रयुक्त पात्र/वर्गको पहिचान प्रतिनिधत्व, प्रतिरोध र आवाज हो । 'उलार' उपन्यास सीमान्त तहका जनताको सङ्घर्षपूर्ण कथा हो । उपन्यासमा प्रेमललवा, द्रौपदी, कलुवा, भौजी, निराकारप्रसाद, द्रौपदीका आमा बुबा, बदिनीहरूलगायत उत्पीडित, निमुखा र आवाजविहीन छन् । यिनीहरू राज्यबाट उपेक्षित र अधीनस्थ छन् । यिनीहरूको आफ्नो पहिचान छैन, प्रभुत्वको उपयोग गर्न पाएका छैनन् । प्रतिरोधी भावना पनि छैन र सशक्त आवाज उठाउन सकेका पनि छैनन्, सङ्गठित छैनन् । यसको विपरीत राजेन्द्रबाबु, ननकउ, शिलाबाबु, शान्तिराजा जस्ता पात्रले सम्भ्रान्त वर्गको प्रतिनिधित्व गर्छन् । यिनीहरूले प्रभुता (हेजेमोनी) आफ्नो हातमा लिई निरीह जनतामाथि शासन गरिरहन्छन् । उपन्यासमा सीमान्त पात्रको सामर्थ्य र सम्भावनाको उपयोग सम्भ्रान्त वर्गले गरेको छ। शान्तिराजाको विजय जुलुसमा वसन्तीको मृत्युपछि प्रेमललवाले क्षतिपूर्ति पाउनका लागि भएको तनाव र सास्ती कारुणिक छ । निराकारप्रसादको व्यथा संवेदनशील छ । बदिनीहरूको पीडा र व्यथा जीवन्त छ । अतः उपन्यासले जनताका सङ्घर्षपूर्ण जीवनका कथा मात्र भनेको छैन, सीमान्त पात्रका जीवित मानवीय संवेदनालाई सर्वाधिक उचाइ र महत्त्व दिएको छ। उपन्यासमा लेखक पक्षधरता सीमान्त पात्रप्रति रहेको देखिन्छ । उनीहरूप्रति लेखक संवेदनशील छन् । सीमान्त पात्रहरूमा अभिजात्य वर्गप्रति प्रतिरोधी भावना देखिँदैन । प्रभुत्व र विचारधारा (राज्य संयन्त्र) का अगाडि सीमान्तीकृतका आवाज गौण बनेका छन् । संबोधन हुन सकेको देखिँदैन ।

समग्रमा 'उलार' उपन्यासमा प्रयुक्त पात्रको पहिचान, प्रतिनिधित्व, आवाज, सम्बोधन र लेखक पक्षधरतालाई निम्न तालिकामा स्पष्ट पारिएको छ :

**तालिका एक**

'उलार' उपन्यासमा प्रयुक्त पात्र/वर्गको पहिचान, प्रभुत्व र आवाज

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रेमललवा | अधीनस्थ | - | - | + | - | - | + | - | + |
| द्रौपदी | अधीनस्थ | - | - | + | - | - | + | - | + |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कलुवा | अधीनस्थ | - | - | + | - | - | - | - | + |
| भौजी | अधीनस्थ | - | - | + | - | - | - | - | + |
| निराकारप्रसाद | अधीनस्थ | - | - | + | - | - | + | - | + |
| द्रौपदी | अधीनस्थ | - | - | + | - | - | - | - | + |
| आमा बुबा | अधीनस्थ | - | - | + | - | - | - | - | + |
| बदिनीहरू | अधीनस्थ | - | - | + | - | - | - | - | + |
| राजेन्द्र बाबु | सम्भ्रान्त | + | + | + | + | + | + | + | - |
| ननकउ | सम्भ्रान्त | + | + | + | + | + | + | + | - |
| शिलाबाबु | सम्भ्रान्त | + | + | + | + | + | + | + | - |
| शान्तिराज | सम्भ्रान्त | + | + | + | + | + | + | + | - |
| विष्णे असई | सम्भ्रान्त | + | + | + | + | + | + | + | - |

माथिको तालिकामा (+) ले छ, हो र ( - ) ले होइन, छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ उपन्यासमा अधीनस्थ पात्रको प्रतिनिधित्व भए पनि उनीहरूको पहिचान प्रतिरोध र आवाज सशक्त छैन र त्यसको सम्बोधन पनि भएको छैन । उनीहरू आवाजविहीन, उपेक्षित र सम्भ्रान्त वर्गका माध्यम बनेका छन् । उपन्यासमा सीमान्त पात्रले प्रभुताको उपयोग गर्न पाएका छैनन् । यसको विपरीत सम्भ्रान्त वर्ग पात्रले प्रभुताको उपयोग गरेका छन् र उनीहरूको हैकम प्रशासनसम्म पुगेको देखिन्छ । उपन्यासमा लेखक पक्षधरता सीमान्त वर्ग/पात्रप्रति परेको छ । उपन्यासमा अधीनस्थ पात्रहरू वर्गीय, लैङ्गिक, जातिगत, सांस्कृतिक, शैक्षिक, उमेरगत तथा स्थानगत रूपमा सीमान्तीकृत बनेका छन् ।

## निष्कर्ष

समकालीन नेपाली समालोचनामा देखिएका बहुल प्रवृत्तिमध्ये सीमान्तीय अध्ययनले समाजमा पछि परेका, सीमान्तीय तथा उत्पीडित व्यक्ति, वर्ग, समुदायका आवाजको अध्ययन गर्छ । यस चिन्तन वा प्रवृत्तिमा आधारित *उलार* उपन्यासलाई पनि यहाँ सीमान्तीय आधारमा विश्लेषण गरी कृतिभित्रका मूल्य, मान्यता र विशेषताको निरूपण गरिएको छ । उपन्यासमा सम्भ्रान्त र अधीनस्थ दुई वर्गमध्ये अधीनस्थ वर्ग सधैँ शोषित, पीडित र आवाजविहीन अवस्थामा देखिन्छ । अधीनस्थ वर्गका अपार सामर्थ्य र सम्भावना भए पनि उनीहरूको पहिचान र प्रतिरोधी भावना मुखरित भएको पाइँदैन । राजनीतिक समाज र नागरिक समाजलाई उपन्यासका सम्भ्रान्त वर्ग/पात्रले आफ्नो हातमा लिएर अधीनस्थ पात्रप्रति शासन गरिरहेका छन् । उपन्यासमा अधीनस्थ पात्रका आवाज सङ्गठित हुन र सशक्त बन्न सकेका छैनन् । उनीहरूको प्रतिनिधत्व भए पनि आवाज, हक, अधिकार र समस्याको सम्बोधन भएको छैन । उपन्यासमा वर्गीय सीमान्तीयता प्रधान बनेर आएको छ भने अन्य सीमान्तीयता वर्गीय समिान्तीयताका सापेक्षतामा खडा भएका छन् । उपन्यासमा सीमान्त पात्र स्वाधीन र स्वतन्त्र बन्न सकेका छैनन्, किनारीकृत र उपेक्षित छन् । यिनीहरूको सुरक्षा र समृद्धिका लागि राज्य पक्षबाट ठोस पहल भएको छैन । उपन्यासमा मानवताको ह्रास भएको र सामाजिक न्याय हराएको देखिन्छ । अतः राज्यको संरचनामा परिवर्तन नआएसम्म र सीमान्त वर्गमा सचेतता तथा प्रतिरोधी क्षमता नआएसम्म समाजमा स्वतन्त्रता, समानता र मान्यता कायम हुन असम्भव देखिन्छ । यसमा सम्भ्रान्त वर्गका विचारमा पनि परिवर्तन आउनु आवश्यक छ ।

## सन्दर्भ सूची

आचार्य, पुष्पराज, अनु. (२०७३), बुद्धिजवीको निर्माण, एन्टोनियो ग्राम्ची, *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू*, सम्पा. कृष्णचन्द्र शर्मा, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १२५-१३३ ।

त्रिपाठी, गीता (२०६७), 'काँचको गिलास कथामा सीमान्तीकृत चिन्तन', *कृति विश्लेषण : प्रायोगिक आयाम*, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १३१-१४४ ।

पाण्डे, नयनराज (२०६५), *उलार*, काठमाडौँ : फाइनप्रिन्ट आइएनूसी ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन*, काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, रमेश (२०६८), 'लैङ्गिक समालोचना', *रत्न बृहत् समालोचना*, सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मण गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७०), 'अवरजन अध्ययन र साहित्य', *भृकुटी* (भाग १९), पृ. ३१४-३२५ ।

शर्मा, विष्णुप्रसाद (२०७८), *उत्तरवर्ती साहित्य सिद्धान्त : प्रवृत्ति र प्रयोग*, काठमाडौँ : हिमालय प्रकाशन प्रा.लि. ।

श्यामल (२०६५), 'सीमान्त तहका जनताको सङ्घर्ष कथा', *उलार*, काठमाडौँ : फाइनप्रिन्ट आइएनूसी ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, श्रष्टा र सबाल्टर्न*, काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद (सेप्टेम्बर २०११), 'केन्द्र बनाम किनारा', *किनारा विमर्श*, दार्जीलिङ : गामा प्रकाशन, पृ. १०-२० ।

सुवेदी, राजेन्द्र (२०६९), *समसामयिक नेपाली उपन्यासको अध्ययन*, काठमाडौँ : पैरवी प्रकाशन ।